# बोगटान फुड्सिल गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय

पत्र संख्या :- ०७६/०७७
चलानी नं. :-

चवराचौतारा,डोटी
सुदुरपश्चिम प्रदेश, नेपाल


## शुभकामना सन्देश

आज जेठ १५ तेह्रौ गणतन्त्र दिवस । नेपाली जनता द्वारा विगतमा सञ्चालित गौरव पूर्ण आन्दोलनको परिणाम स्वरुप स्थापित तेह्रौ गणतन्त्र दिवसको सुखद अवसरमा ज्ञात अज्ञात शहिदहरु प्रति भावपुर्ण श्रद्धाञ्जली अर्पण गर्दै स्वदेश तथा विदेशमा रहनु भएका सम्पूर्ण नेपाली आमाबाबु, दिदीबहिनी तथा दाजुभाईहरुमा हार्दिक सुभकामना प्रकट गर्दछु । आजको यस ऐतिहासिक दिवसले सबै नेपालीलाई संघिय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको माध्यम द्वारा राष्ट्रिय एकता प्रवर्द्धन र समृद्ध राष्ट्र निर्माणमा एकजुट हुन प्रेरणा प्रदान गर्न सकोस भन्ने शुभकामना ब्यक्त गर्दछु ।

विश्वब्यापी महामारीका रुपमा फैलिएको कोराना भाईरस (कोभिड - १९) को संक्रमणमा परी स्वदेश तथा विदेशमा आफ्नो अमुल्य जिवन गुमाउने सबै नेपालीहरु प्रति श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारमा संम्बेदना प्रकट गदर्छु । साथै कोरोना भाईरसबाट संक्रमित सम्पुर्ण महानुभावहरुको शिघ्र स्वास्थ्यलाभको कामना गर्दै रोकथाम र उपचारका लगि अग्रमोर्चामा खटिनुहुने स्वास्थ्यकर्मी, सुरक्षाकर्मी, कर्मचारी तथा अन्य महानुभावहरुको उच्च प्रशंसा गर्दै यस ऐतिहासिक दिवशका अवसरमा सबैको सुस्वास्थ्य र प्रगतिको कामना गर्दछु ।

अन्तमा आजको यस ऐतिहासिक दिवसले सबै नेपालीहरुलाई सभ्य र समुन्नत समाज निर्माणका लागि एकजुट हुन प्रेरणा दिनुका साथै कोभिड-१९ बाट आक्रान्त सम्पूर्ण बिश्व समाजले चाँडै मुक्ति पाओस भन्ने शुभेच्छा सहित पुन: हार्दिक शुभकामना ब्यक्त गर्दछु । धन्यबाद ।

मितिः२०७७/०२/१५

कमल बहादुर गडसिला
अध्यक्ष

कमल व. गड्सीला
गा.पा. अध्यक्ष